### (घ) घाइते भएमा प्राथमिक उपचार

- चितुवाको आक्रमणबाट शरीरको कुनै भागमा रगत बगेको छ भने तुरुन्त रोक्ने काम गर्नु पर्दछ ।
- कुनै अंगभंग भएको छ भने त्यस अंगलाई सुरक्षित राखी यथासक्य चाँडो सवारी साधनमा प्राथमिक उपचार केन्द्र वा नजिकको अस्पतालमा पुर्याउनु पर्दछ ।

### चितुवाको उद्दार गर्दा ध्यान दिनुपर्ने कुराहरु

- चितुवा गाउँ वस्तीमा पसेको अवस्थामा चितुवा भागी जान सक्ने क्षेत्र राखी सुरक्षित तवरले जान दिने ।
- घर र गोठ भित्र पसी बसेको अवस्थामा बलियो गरि झ्याल ढोका बन्द गर्ने ।
- चितुवा रहेको स्थान वरिपरी कुनै पनि व्यक्तिलाई जान नदिने ।
- चितुवाको उद्दारको लागि संरक्षित क्षेत्र कार्यालय, डिभिजन वन कार्यालय र सुरक्षा निकायमा खबर गर्ने ।
- उद्दार टोलीका सदस्यहरुलाई चितुवा समाउन र खोरमा राख्न अनावश्यक भीडभाड र हो-हल्ला नगरी सहयोग गर्ने । हो-हल्ला बढी भएमा चितुवा रिसाएर आक्रमण गर्न आउन सक्छ । त्यसै ले उद्दारको समयमा समुदायमा थप क्षति हुन नदिन अनावश्यक भीडभाड र हो-हल्ला नगरौ ।

### वन्यजन्तुबाट हुने क्षतीको राहत सम्वन्धी व्यवस्था

वन्यजन्तुबाट हुने क्षतीको राहत सहयोग निर्देशिका, २०६९ (तेस्रो संसोधन २०७५) ले वन्यजन्तु जस्तैः हात्ती, गैंडा, बाघ, भालु, चितुवा, हिउँ चितुवा, ध्वाँसे चितुवा, ब्वाँसो, जंगली कुकुर, जंगली बँदेल, अर्ना, मगर गोही, अजिङ्गर र गौरीगाईबाट देहायको क्षती भएमा निम्न बमोजिम राहत उपलब्ध गराउने व्यवस्था रहेको छ । राहतको लागि पिडित वा हकवालाले बाटोको म्याद बाहेक घटना घटेको मितिले कम्तिमा ३५ दिन भित्र सम्बन्धित संरक्षित क्षेत्र कार्यालय वा डिभिजन वन कार्यालय समक्ष आवश्यक कागजातहरु संलग्न गरी निवेदन दिनु पर्दछ ।

### मानवीय क्षती :

- सामान्य घाइतेलाई बढीमा रु.२०,०००।- सम्म औषधी उपचार खर्च दिइने छ ।
- सख्त घाइतेलाई रु. २,००,०००।- र सो भन्दा बढी खर्च लाग्ने भएमा सरकारी अस्पतालमा उपचार गराई सोही अस्पतालको सिफारिसमा सम्पूर्ण उपचार खर्च नेपाल सरकारले ब्यहोर्ने छ ।
- मानिसको मृत्यु भएमा मृतकको आश्रित परिवारलाई रु. १०,००,०००।- राहत रकम दिने व्यवस्था रहेको छ ।

### पशुधनको क्षती (विमा रकम कटाएर):

- वयस्क भैंसी, गोरु, उन्नत गाई, साँडेको मृत्यु भएमा बढीमा रु.३०,०००।- सम्म राहत दिइने छ ।
- अन्य पशुवस्तुको मृत्यू भएमा प्रेषित कागजात र सिफारिसका आधारमा बढीमा रु.१०,०००।- सम्म राहत दिइने छ ।

### घर, गोठ, खाद्यान बाली क्षती :

- प्रेषित कागजात र सिफारिसका आधारमा बढीमा रु. १०,०००।- सम्म राहत दिने ।

### राहतको लागि निवेदन दिंदा पेश गर्नु पर्ने कागजातहरुः

राहतको लागि संबन्धित संरक्षित क्षेत्र कार्यालय वा डिभिजन वन कार्यालयमा तपसील बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

(१) पीडीत/हकवालाको निवेदन

(२) पिडित र घटनाको फोटो

(३) घटनास्थलको सर्जमिन मुचुल्का

(४) घटना घटेको क्षेत्रको वन उपभोक्ता समूह/मध्यवर्ती उपभोक्ता समितिको सिफारिस

(५) सम्वन्धित नगर/गाउँ पालिकाको सिफारिस

(६) उपचार गरेको अस्पताल वा संस्थाको सिफारिस

(७) पशु वा कृषि सेवाका प्राविधिकको मुल्याकन र जग्गाधनी प्रमाण पूर्जा (अन्नवाली क्षतीको हकमा)

(८) मृतकको हकमा थप कागजातहरु जस्तैः नाता प्रमाणीत, संभव भएसम्म मृतक/पिडीतको फोटो, मृत्यु दर्ताको प्रमाणपत्र, मृत्युको हकमा पोष्टमार्टम रिपोर्ट र प्रहरी प्रतिवेदन


**थप जानकारीको लागि**

भानुभक्त प्राणी उद्यान कार्यालय

छिर्कन, तनहुँ ।

फोन नं.: ९८५६०६६६२०, ९८५६०२२२४७

इमेल : zoologicalgardenbhanu2018@gmail.com

वेभसाइट : www.bhanubhaktazoologicalgarden.gov.np


# चितुवाबाट हुनसक्ने खतरा र जोगिने उपायहरु




नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

भानुभक्त प्राणी उद्यान कार्यालय

छिर्कन, तनहुँ

## परिचयः

| | | |
|---|---|---|
| नेपाली नाम | : | चितुवा (थोप्ले बाघ पनि भनिने) |
| अंग्रेजी नाम | : | Common Leopard |
| वैज्ञानिक नाम | : | *Panthera pardus (fusca)* |
| शारीरिक बनोट | : | खैरो सुनौलो रङ्गको पृष्ठभूमिमा कालो रङ्गको थोप्ला थोप्ला हुने । |
| तौल | : | ५०-८० किलोग्राम |
| लम्बाई | : | १.५ देखि २.२ मिटर |
| उचाई | : | ४५ देखि ८० सेन्टिमिटर |
| आयु | : | १२ देखि १६ वर्ष (गर्भावस्था ९० देखि १०५ दिन) |
| बच्चा | : | एकपटकमा २-४ डमरु |
| आहारा | : | रतुवा, चित्तल, बँदेल, बाँदर, कालिज, लूइचे, खरायो आदि । |
| बासस्थान | : | तराईदेखि हिमालसम्मका वन, झाडी तथा घाँसे मैदान । |
| विचरण क्षेत्र | : | १५-५० वर्ग कि.मी. |

नेपालमा पाईने १२ प्रकारका जंगली विराला प्रजाती मध्ये चितुवा एक हो । चितुवा तराइदेखि उच्च पहाडी क्षेत्रसम्म विचरण गर्ने र मानव-वस्ती वरपर पनि बाँच्न सक्ने जनावर हो । नेपालमा यिनीहरु तराईदेखि ४५०० मिटर माथिसम्म सबैखाले वासस्थानमा अभिलेख गरिएका छन् । मानवीय चाप बढी भएको र आहारा प्रजाती कम भएका क्षेत्रमा समेत यिनीहरु विचरण गर्ने भएकोले मानिससंग बढी द्वन्दमा पर्ने गरेको छ । शारिरीक हिसावले मध्यम आकारको भएपनि चितुवा एक चतुर जनावर हो । यसले हत्पत् मानिसलाई आक्रमण गर्दैन तर तलका अवस्थाहरुमा भने यो आक्रामक पनि हुन सक्छ ।

## चितुवाले आक्रमण गर्ने अवस्था

- जम्काभेट भएमा र चितुवाले भाग्ने ठाउँ वा मौका नपाएको अवस्थामा ।
- आराम गरिरहेको बेला मानिस अचानक पुगेर होहल्ला गरेको वा जिस्काएको अवस्थामा ।
- शिकार खाईरहेको अवस्थामा ।
- सानो बच्चा साथमा भएको बेला र बच्चालाई आहारा खुवाइरहेको बेलामा अचानक मानिससंग जम्का भेट भएमा ।
- अचानक बाटो बिराई गाँउ/शहर वा वस्तीमा पसेको अवस्थामा चारैतिरबाट मानिसले घेरिएमा ।
- बुढो वा घाइते भई शिकार गर्न असक्त भएको अवस्थामा ।
- माउबाट छुट्टिएको र राम्ररी शिकार गर्न नसिकेको अवस्था पनि चितुवाले मानिसलाई आक्रमण गर्न सक्छ । चितुवाले हतपत वयस्क मानिसलाई आक्रमण गर्दैन तर साना बालबालिकाहरुको लागि भने खतरा हुनसक्छ ।

## चितुवाले आक्रमण गर्ने तरिका

चितुवाको आक्रमण गर्ने तरीका बाघले आक्रमण गर्ने तरीकासँग मिल्दोजुल्दो हुन्छ । चितुवा रुख चढ्न सक्ने भएकोले रुखबाट पनि आक्रमण गर्नसक्छ। प्रायः जसो बेलुका साँझ पर्नेवेला र साँझ परेपछि घर, गोठ र पँधेरा नजिक झाडीमा लुकेर बस्न सक्छ। मान्छे नजिक पुगेमा अचानक आक्रमण गर्नसक्छ । कहिलेकाहीं झ्याल, ढोका वा धुरीबाट पनि घरभित्र छिरेको पाइन्छ । साँझ परेपछि चितुवा जङ्गल छेउछाउका वस्तीमा कुकुर, बाखा, भेडा, बंगुर वा अन्य घरपालुवा जनावरको शिकारका लागि गाउँ पस्छ । यस्तो अवस्थामा चितुवाले मान्छेलाई आक्रमण गर्दा अगाडीको पञ्जाले हान्ने, मुखले टोक्ने र पछाडीको पञ्जाले चिथोर्ने गर्दछ ।

## चितुवाको आक्रमणबाट बच्ने उपाय

### (क) आक्रमण गर्नु अघि

- जङ्गलमा हिँड्दा चितुवाको पाइला वा गन्ध याद गर्ने र ताजा पाइला देख्ने वित्तिकै वा चितुवाको गन्ध थाहा पाउने बित्तिकै सतर्क हुने र त्यस दिशामा नजाने ।
- अन्य जनावरको संकेत (चित्तल, रतुवा, लुङ्गुर, बाँदर वा चराहरुको आवाज) याद गर्ने । चितुवा वा बाघ देख्दा यिनीहरु कराएर सङ्केत दिन्छन् ।
- वन जङ्गलको छेउछाउमा बस्ने मानिसले राती आफ्नो घरको झ्याल ढोका राम्ररी बन्द गर्ने ।
- साँझमा घर बाहिर नबस्ने साथै राती घरबाट बाहिर ननिस्कने । निस्कनै परे हातमा लौरो (लठ्ठी) अथवा कुनै साधारण हतियार लिएर सतर्क भएर होसियारी पूर्वक निस्कने । सकेसम्म एकजना साथी लिएर मात्र निस्कने ।
- आफ्ना बाबुनानीहरुलाई साँझ अबेरसम्म घर बाहिर खेल्न नदिने ।
- वन जङ्गल छेउछाउका क्षेत्रमा बस्नेहरुले साँझ एक्लै हिँडडुल नगर्ने ।
- उज्यालो नहुँदै र साँझतिर दिसा पिसाब गर्न वन जङ्गलमा नजाने ।
- जङ्गल क्षेत्र वरिपरी बस्ने वासिन्दाले घरको वरिपरी बाँस, झाडी, बुट्यान नराख्ने । यस्तो झाडी, बुट्यानमा चितुवा लुकेर बस्न सक्छ ।
- घरको एकदम नजिक खेती गर्दा पनि चितुवा लुकेर बस्न मिल्ने वाली जस्तैः मकै, उखु नलगाउने ।
- घर बाहिर आँगन र वरिपरी बत्ती बालेर उज्यालो राख्ने ।

### (ख) आक्रमण गर्ने अवस्थामा

- आत्मरक्षाको लागि आक्रमण गर्नु अघि चितुवाले गर्जने, कान लपक्क सुताउने, जमिनमा दबेर (होचिएर) बस्ने र पुच्छर जोड्ले यताउता हल्लाउने गर्छ । कहिलेकाही सुटुक्क आक्रमण गर्न पनि सक्छ ।
- चितुवा मध्यम आकारको जनावर भएकोले यसले हतपत वयस्क मानिसलाई आक्रमण गर्दैन तर आक्रमण गर्न आइहाल्यो भने हात माथि उठाएर (हातमा झोला वा अन्य सामान भए अझ प्रभावकारी हुन्छ) जोड-जोडले हल्ला गर्ने । यसो गर्दा मानिसको आकार अझै ठूलो देखेर चितुवा डराएर भाग्न सक्छ ।
- चितुवाले आँफूजति नै तौल भएको (भारी) शिकार बोकेर रुख सजिलै चढ्न सक्ने तथा रुखमा बाँदर समेत समात्न सक्ने जीव हो । त्यसकारण आक्रमण गर्न आउँदा रुख चढ्नु उपयुक्त हुँदैन । हातमा लौरो छ भने जोड-जोडले भुइँमा वा रुखमा बजार्दै हो-हल्ला गर्ने ।

### (ग) आक्रमण गरिसकेपछि

- साथमा लौरो छ भने जोडले चितुवाको नाकमा हान्ने ।
- चितुवाले पछाडीको पन्जाले पेटतिर पनि चिथोर्न सक्ने हुँदा आक्रमण गरि पल्टाएको अवस्थामा हातले आफ्नो टाउको र घाँटी जोगाउनुको साथै भुइँमा डल्लो परी खुट्टाले पेटलाई जोगाउने ।
- मानिसलाई आक्रमण गरेको थाहा पाउने वित्तिकै यो खबर नजिकको गाउँहरुमा पनि यथासिघ्र पठाउने, साथै वडा कार्यालय, डिभिजन वन कार्यालय, निकुन्ज, आरक्ष, संरक्षण क्षेत्र कार्यालय, प्रहरी कार्यालयका साथै अन्य कार्यालय र वन समुहमा तुरुन्तै खबर गर्ने ।